# बारपाक सुलिकोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

ताकुकोट, गोरखा

गण्डकी प्रदेश

नेपाल

उपाध्यक्ष  श्री सनमाँया गुरुङ ज्युले

नवौ गाउँसभामा

प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७८/०७९ को

नीति तथा कार्यक्रम मिति २०७८।०३।१० मा  नवौ गाँउ  सभाले सर्वसम्मत रुपमा पारित गरेको

आदरणीय सदस्यहरु,

१.  विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस रोग (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमणबाट मानव सभ्यता र मानव जाति माथि नै अकल्पनिय संकट आईपरेको छ । महामारी विरुद्ध बारपाक सुलिकोट  गाउँपालिका आफ्नो सम्पूर्ण क्षमता, स्रोत र साधनका साथ जुटिरहेको यस घडीमा गाउँसभाको नबौ अधिवेशनमा यस बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/ ०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । प्रस्तुत नीति तथा कार्यक्रमले कोभिड -१९ बाट गाउँपालिका वासीको जीवन रक्षा गर्ने र महामारीकोबाट शिथिल भएको विकास निर्माणलाई चलायमान बनाउने मूल लक्ष्य लिएको छु ।

२. नेपालको युगान्तकारी अग्रगामी परिवर्तनका लागि संघिय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न ऐतिहासिक जनआन्दोलन, महान जनयुद्ध र सवै खालका आन्दोलन तथा संघर्षका क्रममा शहादत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात अमर शहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शहिद, बेपत्ता तथा घाइते परिवारप्रति सम्मान सहित घाइतेको शिघ्र स्वास्थ्य र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । उहाँहरुले पुऱ्याउनु भएको अमुल्य योगदानको स्मरण गर्न चाहन्छु ।

३. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९  नयाँ भेरियन्टको महामरीबाट स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछु । कोभिड-१९ बाट स्वदेश तथा विदेशमा संक्रमित  हुनु भएका सवै नेपाली दिदीबहिनी तथा  दाजुभइको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । ।यसैबीचमा गाउँसभाले गाउँसभा सदस्य तथा वडा नं. ४  का वडा सदस्य समेत रहुनभएका जनसेवामा प्रतिवद्ध शालिन नेता **श्री कालुराम सार्की (प्रेम नेपाली )**लाइ  गुमाएको छ ।उहाँप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

४.  कोभिड-१९ को महामरीबाट सबै नागरीकलाई सुरक्षित राख्न लागू गरिएको निशेधाज्ञा र प्रतिबन्धहरुको पूर्ण पालना गर्नु भएकोमा बारपाक सुलिकोट गाउँपालिकावासी सबैमा धन्यवाद व्यक्त गर्दछु।आगामी दिनमा पनि यस महामारीबाट बच्न स्थानिय सरकारले चाल्ने हरेक कदममा निरन्तर साथ र समर्थन पाइरहने विश्वास लिएको छु ।

५. संकटको यस घडिमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपंतिमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक लगायत राष्ट्रसेवकको योगदानको उच्च प्रशंसा गर्दछु । जोखिमपूर्ण यस परिस्थितिमा आ-आफ्नो तहबाट खटिनुहुने जनप्रतिनिधि, राजनितीक दल,

सञ्चारकर्मी, उद्योगी, व्यवसायी,निजी क्षेत्र, नागरिक समाज लगायतका सवै व्यक्ती तथा संघसंस्थालाई धन्यवाद व्यक्त गर्दछु ।यस गाउँपालिकाले स्थापना गरेको कोभिड-१९ उपचार कोषमा स्वैच्छिक रुपमा योगदान गर्नुहुने वैंक तथा वित्तिय संस्था, व्याक्ति तथा अन्य संघसंस्था एवं राजनिती क दल प्रदेश तथा प्रतिनिधि सभामा यस क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने माननिय सांसदहरु र स्वास्थ्य सामाग्री तथा जिन्सी सामान सहयोग गर्नुहुने सबै महानुभाव प्रति आभार प्रकट गर्दछु ।

आदरणिय सदस्यहरु,

आर्थिक वर्ष २०७८/०७९ को निती तथा कार्यक्रम तर्जुमा गर्दा देहाय वमोजीमका विषयलाई आधार लिएको छु,

१. नेपालको संविधान, २०७२ ले उल्लेख गरेका राज्यका निर्देशक सिद्धान्त निती र दायित्व,
२. स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले मार्गदर्शन गरेका विषयहरु,
३. चालु पन्ध्रौ पन्च वर्षिय योजनाले तय गरेका दिर्घकालिन सोच **समृद्ध नेपाल सुखी नेपाली** सो दिर्घकालिन सोचलाई कार्यन्वयन गराउन तय भएका, राष्ट्रिय लक्ष्य, उद्देश्य रणनिती, कार्यनिती तथा प्राथामिकताहरु
४. गण्डकी प्रदेश सरकारले प्रथम पन्च वर्षिय योजनामा तय गरेका प्रादेशिक लक्ष्य तथा रणनितीहरु,
५. गाउँपालिकाको प्रथम त्रिबर्षिय आवधिक बिकाश योजनाले तय गरेका दीर्घकालिन सोच, लक्ष्य, रणनिती, कार्यनिती तथा प्राथामिकताहरु
६. स्थानिय सरकारले स्थानिय चुनावमा जनतासामु लगेका जनअनुमोदित चुनावी घोषणा पत्र,
७. विश्वव्यापी महामारिको रुपमा संक्रमण भै रहेको कोभिड -१९ सँग जुध्न आवश्यक रणनिती र राहत मुखी कार्यक्रमहरु,

**आगामी आर्थिक बर्षको निती तथा कार्यक्रमको प्राथामिकता ।**

- कोभिड --१९ लगायत सबै स्वास्थ्य जोखिमबाट गाउँपालिका बासीलाइ सुरक्षीत राख्न स्वास्थ्य पुर्वाधार निर्माण सेवाको दायरा बिस्तार गर्दै स्वास्थ्य जनशक्तीको क्षमता बिकाश गर्ने ।
- विश्वब्यापी माहामारीको रुपमा फैलिएको कोभिड- १९ को दोस्रो लहरको सङ्क्रमबाट गाउँपालिका बासीको जिवन रक्षा गरी सम्भावित तेस्रो लहरसंग प्रतिकार्यको पुर्वतयारी गर्ने सोको पुर्वाधारको निर्माण गर्ने ।

- कृषी क्षेत्रमा लगानी बढाइ यसबाट गाउँपालिकालाइ कृषिजन्य र पशुजन्य उत्पादनमा आत्म निर्भर बनाउने कृषी पेशालाइ आर्थिक बिकाशको आधार स्तम्भको रुपमा स्थापित गराउने ।
- रोजगारी सिर्जनाबाट गरिबी र बेरोजगारीको अन्य गर्दै दिगो सामाजिक सुरक्षा कार्यक्रमबाट समृद्ध गाउँपालिका निर्माणमा टेवा पुऱ्याउन ।
- शिक्षालाइ सीपसंग सीपलाइ रोजगारीसंग र रोजगारीलाइ बजारसंग जोड्ने सेतुको रुपमा शिक्षाको आधुनिकरण गर्न ।
- पर्यटकीय गन्तव्यको पहिचान गरी सोको पुर्बाधार निर्माण गर्दै प्रर्यटन प्रवद्धन गरी आर्थिक बिकाशमा टेवा पुर्याउने ।

<u>**चालु आर्थिक बर्षको समिक्षा**</u>

- **एक घर एक धारा खानेपानी कार्यक्रम** अन्तरगत चालु आर्थिक बर्षमा ८५ प्रतिशत घरधुरीमा खानेपानीको पहुच बिस्तार भएको छ चालु आर्थिक बर्षको अन्त सम्ममा नब्बे प्रतिशत घरधुरीमा खानेपानीको पहुँच बिस्तार हुनेछ ।
- बाहाकोट- हुँडिखोला सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ साथै घ्याम्पेसाल पाल्खु सडक कालोपत्रे गर्नको लागि ठेक्का सम्झौता काम अगाडी बढिरहेको अवस्था छ ।
- गाउँपालिकाको प्रशासकिय भवन भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको हाल ८५ प्रतिशत भौतिक प्रगति ७० प्रतिशत बित्तिय प्रगती हाल भएको अवस्था छ भने वडा नं ८ को वडा कार्यालयको प्रशासकिय भवन निर्माण कार्य सम्पन्न भइ सकेको छ भने वडा नं ६ र २ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति प्रक्रिया प्रारम्भ भएको छ ।
- नेपाल सरकार बित्तिय हस्तान्तरण अन्तरगत चालु आर्थिक बर्षमा प्राप्त भएको अनुदान अन्तरगतको कार्याक्रम बराम समुदायको शसक्तिकरण परियोजनाबाट ३३ वटा बराम समद्ध समुह गठन सन्चालन तथा दर्ता हुन आई कुखुरापालन र बाख्रापालन ब्यवसायबाट लाभान्भित हुन पुगेका छन ।
- हुडिफाँट —खार्चोक — रन्चोक- बारपाक सडकको स्तरउन्ती कार्य चालु भइ रहेको र हाल २० प्रतिशत भौतिक प्रगति हासिल भएको अबस्था छ ।
- यस चालु आर्थिक बर्षमा १० वटा सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएका छन् ।

- पर्यटकीय पुर्बाधार तर्फ वडा नं १ र २ मा बुद्ध पार्क, शहिद स्मृत्ति पार्क, राउल्ड बोल्ट निर्माण कार्य सम्पन्न भइ  पर्यटकीय पुर्बाधारमा टेवा पुगेको छ भने संघिय सरकारसंगको लागत साझेदारीमा दिल बहादुर रम्तेल पार्कको लागि टेन्डर आह्रान गर्ने प्रक्रिया अन्तिम  चरणमा पुगेको अबस्था छ ।
- दिवा खाजा कार्याक्रम अन्तरगत सामुदायिक बिद्यालयका करिव तिन हजार  बालबालिकाहरु सो कार्यक्रमबाट लाभान्तित भएका छन ।
- सामुदायिक बिद्यालय सघन अनुगमन कार्यक्रमबाट बिद्यालयको शैक्षिक गुणस्तरमा कायम गर्नमा पृष्ठपोषण प्राप्त भइ  शैक्षिक शुसासनलाइ प्रवर्द्धन गर्नमा सहयोग पुगेको छ  ।
- नि:शुल्क तथा अनिबार्य शिक्षा निति  कार्यन्वयन गर्ने राष्ट्रिय लक्ष्यलाइ आत्मसाथ गर्न सामुदायिक बिद्यालयहरुलाइ शिक्षक तलवी प्रयोजनको लागि अनुदान दिने व्यवस्थाबाट बिद्यालयमा बिद्यार्थीबाट शुल्क उठाउने कामलाई  अन्त्य गर्नुका साथै सामुदायिक विद्यालयमा विद्यार्थीबाट कुनै पनि प्रकारको शुल्क उठाउने कार्यलाई बन्देज लगाईएको छ ।
- बारपाक प्राबिधिक शिक्षालयको बाली बिज्ञान र पशु बिज्ञान बिषयमा डिप्लोमा तहको पढाइ चालु आर्थिक बर्षमा सुरु भइ आवश्यक भौतिक संरचना निर्माणको लागि आवश्यक जग्गा प्राप्ति भइसकेको अबस्था छ ।
- गाउँपालिका अध्यक्ष जेहेन्दार छात्रबृत्तीबाट ६८ जना बिद्याथी लाभान्वित भइ मध्यम स्तरको प्राबिधिक जनशक्ति उत्पादनमा सुनिश्चितता भएको छ ।
- शिक्षक बिद्यार्थीलाइ प्रोहोत्साहन गर्नको लागि कक्षा १ देखी १२ सम्मका उत्कृष्ठ बिद्यार्थीलाइ पुरस्कार तथा प्रमाणपत्र बितरण र शिक्षकहरुलाइ सम्मान पत्र तथा कक्षा ८, १० र १२ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने बिद्यार्थीहरुलाइ प्रोहोत्साहन अनुदान प्रदान गरिएको छ ।
- बालबालिकाको शिकाइ प्रक्रियालाइ सहज बनाउन प्राथामिक तहलाइ लक्षित गरि शैक्षिक सामाग्री खरिद गरि बिद्यालयलाइ बितरण गरीएको छ ।
- साना सिँचाइ कार्यमक्रमले यस बारपाक सुलीकोट गाउँपालिकाको बाझो जमिन उपयोग तथा कृषीको उत्पादनमा सकारात्मक सहयोग पुऱ्याएको देखिन्छ  ।चालु आर्थिक बर्षमा ६०० रोपनी बाझो जग्गा उपयोग भइ हराभरा भएका छन् ।
- भकारो सुधार कार्यक्रमबाट न्युन आय स्तर भएका किसानहरुको जिवनस्तरमा सकारात्मक प्रभाव परेको छ ।

- प्लाष्टिकको घर निर्माण गर्ने कार्यक्रमले कृषकहरुलाइ ब्यवसायीकरण र यन्त्रिकीकरणमा सहयोग पुऱ्याउदै लगेको छ साथै यसबाट किसानहरुको कृषी पेश तर्फ ब्यवसायिकरण हुने बिषयको आन्तरीकरण समेतमा टेवा पुगेको छ ।
- फलफुल बितरणमा अनुदान बिभिन्न तरकारी तथा खाद्यन्न बालीको बिउ बिजन बितरणले गर्दा किसानहरुको स्थानिय सरकार प्रति सकारात्मक धारणा निर्माणमा सहयोग पुऱ्याएको छ ।
- सार्बजानिक बस पार्क निर्माण, सौरपानीमा प्राविधिक शिक्षालय, वहाकोटमा गाउँपालिका स्तरीय रंगशाला निर्माणको लागि जग्गा प्राप्ती कार्य सम्पन्न भइसकेको छ ।
- चालु आर्थिक बर्षको अन्तिम चौमासिक बाट सुरु भएको कोभिड- १९ को दोस्रो लहरको सङ्क्रमणबाट जुध्नको लागि २५ बेड क्षमताको सुलिकोट आइसोलेसन अस्पताल सन्चालनमा आएको छ ।
- बाझो जग्गा राख्ने कार्यलाइ रोक्न बाझो जग्गा उपयोग अनुदान कार्यबिधि २०७७ जारी गरि गाउँपालिका भर बाझो जग्गाको लगत राख्ने काम सम्पन्न भइ सकेको छ भने यसबाट १०० कृषक लाभान्भित हुन पुगेका छन ।
- सुरक्षीत गर्भपतनबाट तिस जना महिलाले यस गाउँपालिकाबाट सेवा पाएका छन भने पाचँ सय छैसठ्ठी जना दुइ बर्ष मुनीका बालबालिकाहरुको बृद्धि अनुगमन गर्ने कार्य सम्पन्न भएको छ । साथै चार सय अठहत्तर जेष्ठ नागरिकले निशुल्क स्वास्थ्य सेवा तथा परामर्श सेवाबाट लाभान्तित भएको छन ।
- गाउँपालिका उपाध्यक्ष कोशेली कार्यक्रमबाट एक सय तिस जना गर्भवती महिलालाइ पोषण सामाग्री बितरणबाट गर्भवती र नवजात शिशुको स्वास्थ्य जोखिमलाइ कम गर्नको टेवा पुगेको छ ।
- संस्थागत प्रसुतीको सङ्ख्या चालु आर्थिक बर्षमा एक सय चैत्तिस जना पुगेको छ सो सङ्ख्या गत आर्थिक बर्षको भन्दा बढी हो यसबाट स्वास्थ्य संस्थामा प्रसुती गराउने कार्य सुरक्षीत हो भन्ने चेतना आम जनसमुदायमा बिस्तार भएको देखिन्छ ।
- पन्ध्र शैयाको आधारभुत अस्पतालको ठेक्का सम्झौता अन्तिम चरणमा पुगेको छ सो अस्पताल आगामी आर्थिक बर्ष सम्पन्न हुने बिश्वास लिएको छु ।
- स्वाँरा स्वास्थ्य चौकी, सौरपानी स्वास्थ्य चौकी, सौरपानी आर्युबेदिक औपधालय र पाचँखुवा स्वास्थ्य चौकीको भवन निर्माण को लागि ठेक्का सम्झौता भइसकेको छ । मान्द्रे स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा प्राप्ति प्रक्रिया सुरु भइसकेको छ ।

- बारपाक सुलीकोट गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा न्युनतम स्वास्थ मापदण्ड अनुगमन कार्य सम्पन्न भएको छ यसबाट स्वास्थ संस्थामा आगामी दिनहरुमा गर्नु पर्ने कार्य तथा संस्थागत क्षमता बढाउने उपायहरुको स्पस्ट दिशाबोध गर्ने प्रेरणा मिलेको छ ।
- उन विकाशको लागि भेडा प्रवद्धन कार्याक्रमबाट पचास वटा भेडा फर्महरु लाभान्दित भएका छन । यसबाट पशुजन्य ब्यवसायको ब्यवसायीकरणबाट आयआर्जनमा सकारात्मक असर पुगेको छ ।
- लागत साझेदारीमा बाख्रा प्रवद्धन कार्याक्रमबाट सत्तरी कृषक समुह लाभान्दित भएका छन ।
- निःशुल्क पशुधन बिमा कार्याक्रमबाट एक हजार पाँच सय  बाख्रा दुइ सय  भैसी बिमाको दायरामा आएका छन् ।यसले कृषि ब्यवसायको जोखिमलाइ न्युन गर्नमा सहयोग पुगेको अबस्था छ ।
- कृषक समुहलाइ दश वटा हाते ट्याक्टर बिवरण मार्फत कृषिको ब्यवसायिकरण तथा यन्त्रिकरणमा सहयोग पुगेको छ ।
- राहतका लागि रोजगारी कार्यक्रमबाट न्युन आए भएका र कोरोनाको महामारीबाट रोजगार गुमाएका तिन सय सत्ताइस जना नागरिकहरुले अल्पकालिन रोजगारी प्राप्त गरेका छन ।
- महिलासंग उपाध्यक्ष कार्याक्रमबाट पैसठ्ठी जना महिला सीप बिकाश तालिम प्राप्त गरी स्वरोजगार उन्मुख ब्यवसायका लागि सक्षम भएका छन ।
- प्रधानमन्त्री रोजगार कार्याक्रम बाट न्युनतम रोजगारी पाउनेको सङ्ख्या तिन सय पुगेको छ । भने गरिबी निवारणको लागि लघु उद्यम कार्याक्रमबाट असी  जना ब्यक्तिले सीपमुलक तालिम प्राप्त गरेका छन । भने गाउँपालिका अध्यक्ष गरिबि निवारण कार्याक्रमबाट असी जना युवाहरुले सवारी साधन सम्बन्धि तालिम प्राप्त गरेका छन ।
- वडा कार्यालयको सघन प्रशासनिक अनुगमन कार्य चालु आर्थिक बर्षमा प्रारम्भ भएको छ यसबाट वडातहमा प्रवाह हुने सेवालाइ ब्यस्थित र जनमैत्री भइ शुसासनमा टेवा पुगेको छ ।

**आदरणिय सदस्यहरु**

**अव म आ.व. २०७८/०७९ को निती  तथा कार्यक्रम सभामा प्रस्तावित गर्दछु ।**

**द्रुत गतिमा समुदायस्तरसम्म फैलिएको कोभिड- १९ नयाँ भेरियन्ट सहितको संक्रमणको जोखिम न्यूनिकरण, रोकथाम, नियन्त्रण तथा उपचारका लागि गाउँपालिकाले देहाय बमोजिमका निती तथा कार्यक्रम अख्तियार गरिनेछ ।**

- प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा स्वास्थ्यकर्मी समेत रहेको एक संयुक्त अनुगमन समिति गठन गरी स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्न लगाउने, होम आइसोलेसनमा गई संक्रमितको लागि न्यूनतम औषधी र सहायता सामग्री उपलब्ध गराइनेछ ।
- प्रत्येक टोलमा कोरोना निगरानी समूह गठन गरी घरका कुनै पनि सदस्य अत्यावश्यक काम नपरी बाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा स्वास्थ्य मापदण्ड पालना गर्न लगाइनेछ ।
- नयाँ भाइरस विशेष गरी बालबालिकाका लागि घातक रहेको हुँदा बालबालिका र अभिभावकलाई लक्षित गर्दै विशेष गरी ग्रामीण भेगमा कोरोना सचेतना स्वास्थ्य कार्यक्रम लागू गर्ने ब्यवस्था मिलाइनेछ ।
- सबै स्वास्थ्य चौकीमा अनिवार्य मास्क, सेनिटाइजर, अक्सिमिटर र ज्वरो नाप्ने थर्मोगनका साथै अत्यावश्यक औषधीको व्यवस्था मिलाइनेछ ।
- अक्सिजन सिलिन्डर अभावका कारण उपचारमा समस्या भइसकेकाको लागि तुरून्तै सिलिन्डरको व्यवस्था गराइनेछ ।
- -आइसोलेसनमा रहेकामध्ये श्वासप्रश्वासमा समस्या भएकालाई अक्सिजनको आवश्यकता पर्न सक्ने हुँदा त्यस्ता बिरामीका लागि अक्सिजनको व्यवस्था गर्ने र अक्सिजन उपलब्ध हुन नसकेमा वा गम्भीर प्रकृतिको संक्रमणको लक्षण भएमा तुरून्त नजिकको सुविधा-सम्पन्न अस्पतालमा रेफर गरी अक्सिजन सहितको एम्बुलेन्समार्फत पठाउने ब्यवस्था मिलाइनेछ ।
- स्थानीय प्रहरीसँग समन्वय गरी टोलटोलमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, कोरोनाबाट जोगिने उपायको प्रचार प्रसार गर्ने, नियम उल्लंघन गर्ने वा स्वास्थ्यसम्बन्धी मापदण्डको पालना नगर्नेलाई संक्रामक रोग ऐन, २०२० तथा कोभिड- १९ संकट ब्यवस्थापन अध्यादेश, २०७८ मा भएको व्यवस्था अनुसार कानुनी कारबाही हुने कुराको जानकारी गराउनुका साथै कानुन उल्लंघन गर्नेलाई कानुनको दायरामा ल्याउन सहयोग गर्ने।
- कोरोनाका कारण रोजीरोटी गुमाएर भोकमरीको चपेटामा छटपटाएका मजदुर तथा अति विपन्न वर्गलाई मापदण्ड बनाई राहत वितरण गर्ने र कोरोना पोजिटिभ भई काममा जान नसक्ने अवस्था भएमा आइसोलेसन अवधिभरको लागि निश्चित राहत उपलब्ध गराउने।
- पिसिआर परीक्षणका लागि स्वाब दिइसकेपछि त्यस्तो व्यक्तिले परीक्षणको नतिजा नआएसम्म घरबाहिर कतैपनि जान नहुने कुरा सबैलाई जानकारी गराउने।
- कोरोना परीक्षण र उपचारका लागि अत्यावश्यक पर्ने औषधी लगायत स्वास्थ्य उपकरणहरु वर्षात् अगावै खरिद गरी मौज्दात राख्ने ब्यवस्था मिलाइनेछ ।

- गाउँपालिकामा  बसोबास गर्ने सम्पूर्ण नागरिकलाई कोरोनाविरूद्धको खोप उपलब्ध गराउने कार्यमा समन्वय र सहजीकरण गर्ने ।
- कोरोनाको प्रकोप आगामी केही वर्षसम्म निरन्तर रूपमा जारी नै रहने सम्भावना भएकोले आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा यसतर्फ ध्यान पुऱ्याउने।
- गाउँपालिका भित्र रहेका सबै प्रकारका गैर-सरकारी संस्था तथा नागरिक समाजसँग समन्वय र सहकार्य गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- भेला तथा बैठक आयोजना नगर्ने, हुन पनि नदिने। सम्भव भएसम्म बैठक भर्चुअल विधिमार्फत् गर्ने निती  अख्तियार गरिनेछ ।
- न्वारान, पास्नी विवाह, व्रतबन्ध, मृत्यु संस्कारजस्ता सामाजिक कार्यमा न्यूनतम व्यक्तिमात्र उपस्थित भई सम्पन्न गर्ने व्यवस्था गर्ने गरी निती  अख्तियार गरिनेछ ।
- उपभोक्ता समितिमार्फत सञ्चालन हुने स-साना निर्माण सम्बन्धी कार्यहरु कोरोनाको प्रकोप नघटेसम्म स्थगित नगर्ने ब्यवस्था मिलाइनेछ ।

## १. सामाजीक विकासः

### १.१) स्वास्थ्यः

### ख) बाल स्वास्थ्य सम्वन्धि नीतिहरु

- पुर्णखोप सुनिश्चितता वडा तथा गाउँपालिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ । साथै गाउँपालिकामा खोप दिवस मनाई पुर्ण खोपको अवस्थालाई हरेक वर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ ।
- खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।
- भएका खोप केन्द्रहरुलाई व्यवस्थित वनाउने तथा आवश्यकतानुसार थप निर्माण गर्ने निती लिईनेछ  । यस वर्ष १ वटा खोप केन्द्र भवन निर्माण गरिनेछ ।
- कोल्ड चेन व्यवस्थापनको लागि चाहिने सामाग्री तथा स्थानको व्यवस्थापन गरिनेछ ।
- गर्भवति महिलालाई हरेक पटक गर्भ जांच गर्न स्वास्थ्य संस्थामा जांदा २ प्याकेट आयोडिन युक्त नुन वितरण गरिनेछ ।
- पोषण शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

- हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ र पोषिला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषिला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइने छ ।
- पांच वर्ष मुनिका वच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी वनाइने छ । साथै यस कार्यक्रमलाई व्यवस्थित वनाउन रु एक लाख जिवन जल तथा एमोक्सीलिन खरिदका लागि विनियोजन गरिएको छ । बच्चालाइ प्रत्येक महिना बच्चाको पोषण अबस्थाको अबोलोकन गर्न महिनाको एक पटक बर्षको १२ पटक बच्चाको तौल लिन लगाइनेछ ।
- प्रत्येक बच्चालाइ २ बर्ष भित्र आवश्यक पर्ने खोप नियम पुर्बक लगाई प्रत्येक महिना बच्चाको पोषण अवस्थाको अवलोकन गर्न महिनाको २ पटक वर्षको २४ पटक बच्चाको तौल लिन लगाइने छ । त्यसका लागि एक पटकको रु ५० कादरले १२००।- वरावरको बच्चालाई पोषण सुधारका लागि प्रदान गरिनेछ ।

**ग) परिवार स्वास्थ्य कार्यक्रम**

- वर्षमा एक पटक संघ तथा प्रदेश स्वास्थ्य निकायसंग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर संचालन गरिनेछ ।
- नव विवाहीत दम्पतिहरुको पहिचान गरी आवश्यक साधन छनौटको लागि परामर्श प्रदान गरिनेछ ।
- सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ५ वटा साधन डिपो / पिल्स / कण्डम/ IUCD / इम्पलान्ट हरुको सेवा प्रदान गर्न आवश्यक पहल गरिने छ ।
- सेवाग्राही मैत्री प.नि. सेवा प्रदान गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन यातायात खर्चको वितरण प्रणालीलाई चुस्त बनाइनेछ ।
- पुर्ण गर्भवति जांच एंव पुर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई लागू गरिने छ । यसका लागि म.स्वा.स्व.स स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गरिने छ । यस अभियानको संयोजक उप-प्रमुखलाई वनाइने छ ।
- “इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ्य गर्भ” भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवारमा तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन प्रयत्न गरिनेछ ।

- आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्वेवार बनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेशण गर्नुपरेमा लाग्ने एम्वुलेन्स खर्च यस गाउँपालिका . वाट स्रोध भर्ना गरिनेछ । (रु- १०००० दस हजार सम्म)
- PMTCT कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य आमा समूहलाई सुदृढीकरण गर्ने कार्यक्रमहरु राखिने छ ।

घ) **रोग नियन्त्रण कार्यक्रम**

- समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ । महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाइ लागू गरिने छ।
- सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ । नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरिनेछ । यसलाई आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गाउँपालिकावाट नै गरिने छ।
- महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि **आर. आर टि** लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधी ,खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी हालतमा राखिने छ
- क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिनेछ।
- **डट्स विधिवाट उपचारात्मक** पद्दतिलाई थप प्रभावकारी बनाउने छ । यसमा स्वास्थ्य कर्मीको निगरानीलाई बढाइनेछ।
- जटिल प्रकारका क्षयरोगहरु (DR/SDR )लाई समयमै पहिचान तथा व्यवस्थापन को लागि पहल गरिने छ।
- क्षयरोग तथा नसर्ने रोगहरुको समयमै पहिचानको लागि ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ।

क्षयरोगका विरामिलाई पोषण भत्ताको ब्यवस्थापन गरिने छ।

- कुष्ठरोगका विरामि तथा परिवारका लागि जनचेतनामूलक कार्यक्रम ल्याइनेछ।

ङ) **म.स्वा.स्वं.से.कार्यक्रम**

- म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ ।
- वन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने, स्वास्थ्य आमा समुहलाई थप सुदृढीकरण गराउन म.स्वा.स्वं.से. हरुलाई थप उत्प्रेरित गरिनेछ ।
- सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि संचार गर्नको निम्ति विशेषत मातृ तथा वालस्वास्थ्य समन्वयका लागी मोबाईल स्वास्थ्य कार्यक्रम संचालानार्थ म.स्वा.स्वं.से. हरुलाई संचार खर्च वापत प्रति महिना रु २०० का दरले प्रदान गरिने छ ।
- ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका म.स्वा.स्वं.से. हरुलाई स-सम्मान विदाइ कार्यक्रम राखिने छ ।

च) **स्वास्थ्य संस्थाको फोहोर मैला व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम**

- स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापनका लागि स्वास्थ्य सेवा विभाग स्वास्थ्य मन्त्रालयको निर्देशिकाको पालना गरिने छ ।
- स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिइने छ । गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गरी उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा का.स. हरुलाई पुरस्कृत गरिने छ ।
- हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ र गुणस्तर सुधारका कार्यक्रमहरु लागू गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।
- वर्थिङ **सेन्टरहरुमा प्लासेन्टा पिट** तथा फोहोर व्यवस्थापन गर्न खाडलहरुको निर्माण अनिवार्य गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको मर्मत संभार तथा खानेपानीको व्यवस्थापनको लागि यथेस्ट वजेटको व्यवस्था गरिने छ ।

- गुणस्तरको स्वमूल्याङ्कन गरी उपभोक्ताको सुन्तुष्टीमा वृद्धि ल्याउने क्रियाकलाप संचालन गरिने छ ।

**छ) स्वास्थ्य पुर्वाधार**

- स्वास्थ्य सेवामा सर्वव्यापी पहुंच वृद्धि गर्नको लागि यस गाउँपालिका अन्तरर्गतका वडाहरुमा १/१ वटा स्वास्थ्य संस्था संस्थापना संस्थापना गर्नको निम्ति कम्तिमा ५ रोपनी तत् तत् स्थानमा जग्गाको व्यवस्थापन गरिनेछ । साथै यसको भवन निर्माणको लागि प्राप्त हुने वजेटमा समपुरक वजेटको व्यवस्था समेत गरिनेछ ।
- यसरी हरेक वडामा स्वास्थ्य संस्था संस्थापना गर्दा पनि सेवाको मुलधारमा आउन नसकेका समुदायलाई आधारमूत स्वास्थ्य प्रदान गर्नको निम्ति स्थानिय स्रोतमा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरिने छ ।

- **स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली**

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ प्रभावकारी वनाउन निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ ।

★ स्वास्थ्य संस्थाहरुवाट गरिने मासिक प्रतिवेदन पद्दतिलाई निरन्तरता दिइने छ

★ म.स्वा.स्वं.से हरुको मासिक समिक्षालाई प्रभावकारी वनाइने छ साथै नियमानुसार उत्प्रेरणा गरिने छ ।

★ स्वास्थ्य संस्था प्रमुखहरुको मासिक वैठक तथा समिक्षालाई निरन्तरता दिइने छ ।

★ मासिक अनलाइन तथ्याङ्क प्रवेष्टीकरण को लागि आवश्यक पर्ने इन्टरनेट सेवालाई उपलब्ध गराइने छ ।

★ स्वास्थ्य सेवाहरुको रेकर्डिङ तथा रिपोर्टिङको लागि आवश्यक पर्ने फाराम रजिष्टर छपाईमा लागि यथोचित वजेट व्यवस्थापन गरिने छ ।

★ स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता दिइने छ ।

★ स्वास्थ्य संस्थाहरुको तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि वा तालिम गर्नका लागि स्वास्थ्य संस्था मै कोचिङको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरिने छ ।

★ रेकडिङ रिपोटिङ कार्यमा संम्लग्न स्वास्थ्य कर्मिलाई DHIS2 को तालिमको लागि प्रवन्ध मिलाइने छ ।

**झ) सामाजिक सुरक्षा कार्यक्रम**

❖ राष्ट्रिय विमा कार्यक्रमलाई प्रसार प्रसार गरी थप प्रभावकारी बनाइने छ ।

❖ स्वास्थ्य विमालाई प्रभावकारी बनाउने निती लिईनेछ ।

❖ विमितहरुको संख्या वृद्धि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु संचालन गरिनेछ । (घरदैलो कार्यक्रम, विमा दर्ता शिविरहरु)

❖ गरीवीको परिचय पत्र प्राप्त गर्न नसकेका दलित लगायत विपन्न नागरीकहरुको विमाको लागि गाउँपालिकाको तर्फवाट विमित गर्ने व्यवस्था मिलाइने छ ।

❖ विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ ।

सामाजिक सुरक्षा भत्तालाइ आगामी आर्थिक वर्षबाट अनिवार्य रुपमा बैङ्किङ प्रणालीमा लगिनेछ ।

ञ) **स्वास्थ्य शिक्षा र व्यवहार**

★ समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि F.M. रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाहित गरिनेछ ।

★ स्थानीय स्तरमा हुने विशेष मेला तथा महोत्सवहरुमा स्वास्थ्य शिक्षा प्रवद्धन गर्ने क्रियाकलापलाइ संचालन गरिनेछ ।

★ स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा कर्नरको अनिवार्यता गरिने छ ।

★ किशोर किशोरीहरुसंग स्वास्थ्यकर्मी हरुको अन्तरकृया नियमित गरिनेछ ।

★ सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री वनाइने छ ।

★ माध्यामिक शिक्षामा प्रजनन स्वास्थ्यका विषयहरुको कक्षा स्वास्थ्यकर्मीवाटै गरिनेछ । यसका लागि स्वास्थ्यकर्मी लाई उत्प्रेरीत गर्न खाजा खर्च व्यवस्थापन गरिने छ ।

★ समय समयमा स्वास्थ्यका विभिन्न विषयहरुमा सडक नाटक, दोहोरी गित, वक्तृत्वकला जस्ता प्रतियोगिता संचालन गरिने छ । सो कार्यक्रम सञ्चालन गर्दा शिक्षा शाखासँग आवश्यक समन्वय गरीनेछ ।

★ स्वास्थ्यका महत्वपुर्ण दिवसहरु म.स्वा.से दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग

दिवस, धुम्रपान विरुद्दको दिवस लाई अवसरको रुपमा मनाइने छ ।

★ सुर्तिजन्य पदार्थको नियमन ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिने छ, साथै यसका लागि वजार अनुगमनलाइ नियमित र प्रभावकारी गरिने छ ।

ट) **निशुल्क औषधी तथा भण्डारण कार्यक्रम**

★ औषधी , खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरुको भण्डारणको लागि अत्याधुनिक भण्डारण कक्षको निर्माण कार्य शुरु गरिनेछ ।

★ स्वास्थ्य संस्थाहरुमा तथा वर्थिङ सेन्टरहरुको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि उचित वजेट व्यवस्थापन गरिने छ ।

★ आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधी हरुको उपलब्धतालाई सुनिश्चित गरिने छ । यसका लागि संघ, प्रदेश तथा अन्य निकायसंग समन्वय गरीनेछ । निशुल्क औषधी को लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

★ गाउँपालिकाबाट स्वास्थ्य संस्थाहरुमा औषधी तथा अन्य सामाग्रीहरुको ढुवानी व्यवस्था मिलाइनेछ साथै केन्द्र तथा प्रदेशवाट जिल्ला मार्फट प्राप्त हुन आउने औषधी हरुको समेत ढुवानीको व्यवस्था मिलाइनेछ ।

ठ) **राष्ट्रिय यौन तथा एड्स नियन्त्रण कार्यक्रम**

● प्रारम्भिक जाँचमा शंकास्पद देखिएका बिरामीहरूलाई सुनिश्चित गरिने जाँचको सेवा पाईने स्थान सम्म जानको लागी यातयात खर्चको ब्यबस्थापनको लागि पहल गरिने छ।

● PLHIV हरूलाई उपचार केन्द्र (ART site) सम्म जान यातयात खर्चको व्यवस्था गरिने छ।

● एच.आई.भि. प्रभावित बच्चाहरूको पोषण तथा शिक्षाको लागी मासिक १ हजार रूपैया प्रदान गरिने क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

ड) **मानसिक स्वास्थ्य सम्बन्धि**

- मानसिक स्वास्थ्य सम्बन्धि कार्यक्रक आधारभुत तह सम्म सन्चालन गरिनेछ ।
- यस बारपाक सुलिकोट गाउँपालिका मा कार्यरत स्वास्थ्यका जनशक्तिले दिन मिल्ने औषधी बिरामीहरुलाइ बितरण गरिनेछ । यसका लागि स्वास्थ्य कर्मीलाइ आवश्यकता बमोजिमको तालिम तथा अभिमुखिकरण गरिनेछ ।

**१.२) जनसंख्या नीति**

➢ विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्वन्धि परिसूचकहरुको प्रभावलाई मध्येनजर गरि नीति तय गरिनेछ ।

➢ प्रजनन दर र मृत्युदरको अध्ययन गरिनेछ ।

➢ मातृ र शिशु मृत्युदर घटाइनेछ ।

➢ जेष्ठ नागरिकको रेखदेख , उपचार र सामाजिक सुरक्षा तथा यूवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन अध्यानगरीस्थानीय स्तरमै रोजगारी सिर्जना गरिनेछ ।

➢ जनसंख्याको असमान वितरण, आन्तरिक र वाह्य वसाइसराईको असर मूल्याङ्कन गरिनेछ ।

➢ लैङ्गिक असमानताको अध्ययन गरिनेछ ।

➢ विद्यालय स्तरमा किशोर किशोरी साथि शिक्षा तथा यौन शिक्षा कार्यक्रम लागु गरिनेछ ।

➢ जनसंख्या पार्श्वचित्र ( Population Profile ) तयारगरीजनसंख्याका आधारमा योजना तर्जुमा गरिनेछ ।

क) अन्य

- जडिवुटि प्रशोधन केन्द्रको स्थापना गरिने छ । साथै आयुर्वेद सेवालाइ थप व्यवस्थित एवं विस्तार गरिने छ ।
- स्वास्थ्य क्षेत्र एक वहुआयामिक क्षेत्र भएको हुदा हरेक विषयगत नीतिहरुमा स्वास्थ्यका लक्ष्यहरु हासिल हुनसक्ने नीतिहरु अवलम्बन गरिने छ।
- **स्वास्थ्य घर , स्वास्थ्य गाँउ तथा स्वस्थ समुदाय** जस्ता अभियानहरु संचालन गरिनेछ ।

## १.३ भाषा तथा संस्कृति प्रवद्धन

- गाउँपालिकाको सबै जातजाती भाषा धर्म सस्कृति र मौलिक परम्पराको संरक्षण गरिनेछ ।
- ऐतिहासिक धार्मिक सास्कृतिक पर्यटन प्रवद्धन लागी बारपाक सुलीकोट गाउँपालिका क्षेत्र भित्रका मठ मन्दिर, ऐतिहासिक स्थल र गुम्बाहरुको मर्मत सम्भार सम्वद्धन संरक्षण गर्दै लगिनेछ ।

- गाउँपालिकामा सन्चालन हुने मौलिक रितिरिवाज चाडपर्ब परम्परा धर्म संस्कृतिको संरक्षण सम्बद्धन र प्रवद्धन गरिनेछ ।
- विगतका जनयुद्ध लगायतका आन्दोलनहरुमा सहादत हासिल गर्नुभएका शहिदहरुको सम्झनामा पार्क, स्मारक आदि निर्माण गरी राष्ट्रलाई उच्च योगदान गर्नेहरुको उच्च कदर एवं सम्मान गर्ने संस्कृतिलाई बढवा दिईनेछ ।
- बराम, गुरुङ, तमाङ, मगर र  घले भाषाहरुको संरक्षण गर्दै लोप हुन लागेका भाषाको बारेमा अध्ययन अनुसन्धान गर्ने ब्यवस्था मिलाइनेछ ।
- सामाजिक कुसंस्कार बिरुद्ध सचेतनामुलक अभियानहरु सन्चालन गर्दै लगिनेछ ।

१.४) **लैङ्गीक समानता र समाबेशीकरण**

- सामाजिक रुपमा पछाडी परेका बर्ग र समुदायको पहुँचमा अभिबृद्धि गर्दै सामाजिक रुपान्तरण मार्फत गरिबी न्युनीकरणलाइ सहयोग पुर्याउन सामाजिक परिचालन कार्यक्रमलाइ अझ ससक्त प्रभावकारी बनाइनेछ ।
- यस गाउँपालिकालाइ महिला मैत्री, बाल मैत्री, अपाङ्ग मैत्री, गाउँपालिकाको रुपमा बिकाश गरिनेछ ।
- महिला, दलित, आदिबासी, जनजाती र बिपन्न बर्गका नागरिकहरुको सामाजिक तथा आर्थिक उन्नतीको लागि बिशेष कार्यक्रम सन्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाइ नियमित मर्यादित सरल र सहज बनाइनेछ ।
- विपन्न वालवालिकाहरुको पालनपोषण एवं शिक्षा, स्वास्थ्यको लागि योगदान गर्ने हिसाबले वाल संरक्षण अक्षय कोषको व्यवस्थालाइ निरन्तरता  दिइनेछ ।
- वाल बिवाह र लैङ्गीक हिंसा कम गर्न महिला समुह बाल क्लव आमा समुह र युवा समुह परिचालन गर्ने निती अख्तियार गरिनेछ ।
- समुदायका ब्यक्तिको मानसिक तथा भौतिक विवरण तथा त्यसको सुधारको लागि लैङ्गिक हिंसा बाल बालिका माथिको दुर्व्यवहार, मानसिक आघात र कोभिड जोखिम तथा असर तथा समस्या अनुगमनको लागि महिला समुह, बाल क्लव, युवा समुहहरुको परिचालन गर्ने र प्रगति विवरण वडा कार्यालय र गाउँपालिकामा अद्यावधिक गर्ने ब्यवस्था मिलाइनेछ ।
- सवै वालबालिकाको हित र अधिकार रक्षाको लागि आवश्यक समन्वय गर्न लामो समयदेखी बाल अधिकार र सामाजीक अभियानमा सक्रिय भुमिका खेल्दै आएका एक जनालाइ बालबालिका सहजकर्ता

मनोनीत गर्ने र आवश्यक कार्यबिधि मार्फत कार्य सन्चालन तथा बाल अधिकार संरक्षणको लागि कोष स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

- महिलाको हक हित र अधिकार रक्षा गर्न महिला माथि हुने सबै खाले हिंसाको बिरुद्धमा सचेतना गर्न एंव महिलाहरुको क्षमता अभिबृद्धि गराइ आत्मनिर्भर बनाउने उद्देश्य सहित महिला शसक्तिकरण गर्नको लागि उपाध्यक्षसंग महिला कार्याक्रम सन्चालन गरिनेछ । यसका लागि महिला बिकाश अधिकृत र सरोकारवाला मध्येबाट एक जना सहजकर्ता नियुक्त गरिनेछ ।

**१.५) शिक्षा सम्बन्धि**

- पालिकाभित्रका सबै नागरिकहरुलाई देशभक्त, भबिष्यप्रति आस्थावान, श्रमप्रति विश्वास गर्ने, सभ्य ,सुसंस्कृत ,योग्य, प्रतिस्पर्धी , सिर्जनशिल,उद्यमशिल र आत्मविश्वासी बनाउने बारपाक सुलिकोट गाँउपालिकाको मुल शिक्षा नीति हुनेछ ।
- सिपयुक्त र दक्ष जनशक्तिको विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विकासमा जोड दिइनेछ । यसका लागि गाँउपालिकाभित्र एक प्राविधिक शिक्षालय स्थापनाको कार्यलाई तिव्रता दिइनेछ ।
- संघिय सरकारले घोषणा गरे अनुरुप २०७७ देखि २०८५ लाई सार्वजनिक विद्यालय सबलीकरण दशकको रुपमा सफल पार्न सहयोग गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि कक्षा १ देखि ५ सम्मका बालबालिकाहरुका लागि दिवा खाजाको व्यवस्था, बालबिकास कक्षाका सहजकर्ताहरुको लागि उचित पारिश्रमिकको व्यवस्था,नियमित विद्यालय अनुगमन एवम आधारभुत र माध्यमिक तहका शिक्षकहरुका लागि समसामयिक तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालय भर्ना अभियानलाई प्रभावकारी रुपमा लागुगरीपालिकाभित्र विद्यालयबाहिर रहेका बालबालिकाहरुलाइ शिक्षाको मुल धारमा समाहित गर्न सहयोग गर्न **“वालवालिकाहरुलाइ विद्यालय ल्याऔं ,पढाइमा टिकाऔं”** अभियान सञ्चालन गरिनेछ ।
- राष्टपति शैक्षिक सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत विद्यालयहरुको भौतिक संरचना र सिकाइ सुविधामा सुधार गरिनेछ ।
- पालिकाभित्र असल पठन संस्कृतिको विकास गर्न आवश्यक एक सार्वजनिक पुस्तकालय स्थापना गरिनेछ । साथै वड/वडामा सामुदायिक पुस्ताकालय स्थापनाको निती अबलम्बन गरिनेछ ।

- सार्वजनिक विद्यालय र शिक्षण संस्थाहरुको जिपिएस पद्धतिमा आधारित नक्सांकनगरीभुगोल ,न्युनतम विद्यार्थी संख्या र विद्यालय सेवा क्षेत्रको जनसंख्याको आधारमा  समायोजन गर्ने नीति अवलम्वन गरिनेछ ।
- विद्युतिय शैक्षिक सामग्रीको विकास गरी अनलाइन र भर्च्युअल शिक्षा प्रदान गरिनेछ । यसका साथै दुर शिक्षा र पत्राचार शिक्षामार्फत पनि शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।
- **“एक विद्यालय एक विज्ञान प्रयोगशाला”, “एक विद्यालय एक कम्प्युटर कक्ष”** कार्यक्रममार्फत सवै माध्यमिक र आधारभुत विद्यालयहरुमा विज्ञान प्रयोगशाला र कम्प्युटर कक्ष स्थापना गरिनेछ र विज्ञान शिक्षालाइ रुचिकर बनाउन बैज्ञानिक सिकाइ विधिमा जोड दिइनेछ ।
- सवै माध्यमिक र आधारभुत विद्यालयहरुमा  आइसिटि प्रयोगशाला,विज्ञान प्रयोगशाला ,व्यवस्थित पुस्तकालय र उच्च गतिको इन्टरनेट सेवा विस्तार गरिनेछ ।
- विद्यार्थीहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटनमा सहजीकरण गर्न सुलिकोटको प्रतिभा खोज अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थीहरुको सर्वाङ्गीण विकास गर्न र शिक्षणसिकाइलाई रोचक बनाउन समयसमयमा पालिकास्तरिय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ । कक्षा ८ को परीक्षालाई अझै मर्यादित एवम प्रभावकारी वनाइनेछ र कक्षा ५ को परीक्षालाई पनि पालिकास्तरमा सञ्चालन गरिनेछ ।
- शैक्षिक गुणस्तर सुदृढ गर्न एक पालिकास्तरिय शैक्षिक गुणस्तर सुधार सुझाव समिति गठन गरिनेछ र समितिले दिएका सुझावहरुलाइ औचित्य पुष्टिको आधारमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- गरिव तथा जेहेन्दार बिद्यार्थीलाइ प्रोहोत्साहन गर्न **शहिद दिलबहादुर रम्तेल छात्रबृत्ती कोष** स्थापना गरिनेछ ।
- दुर्गा माबिको खेलकुद ग्राउण्ड निर्माण, शिव आधारभुत बिद्यालयको भवन निर्माणको लागि जग्गा प्राप्ति गर्ने माझथर माबिको अधुरो घेरावार सम्पन्न गर्ने कार्यको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

## १.६)   युवा तथा खेलकुद

- **"बारपाक सुलिकोटको लागि खेलकुद ,स्वास्थ्यका लागि खेलकुद"** भन्ने मुल नाराका साथ समयसमयमा पालिकास्तरिय खेलकुद गतिविधिहरु सञ्चालन गरी विद्यार्थी एंवम युवाहरुको सिर्जनशिलता विकास;जातिय,क्षेत्रिय तथा राष्ट्रीय एकता प्रवद्र्धन र  खेलाडीहरुको क्षमता विकासमा जोड दिइनेछ ।
- पालिकाभित्र निजि क्षेत्रबाट सञ्चालन गरिने खेलकुद कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । यसका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
- सामाजिक कुरिती हटाइ सामाजिक चेतना जगाउन,आन्तरिक पर्यटन प्रवद्धन गर्न  र कृषीसगँ सम्वन्धीत स्वरोजगार कार्यक्रमवारे जनचेतना  जगाउन युवा परिचालन गरिनेछ ।
- युवाहरुको सिर्जनशिलता ,श्रम र सीपलाइ प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । पालिकाभित्रका महत्वपुर्ण सांस्कृतिक सम्पदाको संरक्षण गर्न सांस्कृतिक बैभवको संरक्षणमा युवा अभियान सञ्चालन गरिनेछ ।
- गाँउपालिकाको प्रतिष्ठाको रुपमा रहेको गाँउपालिका स्तरिय खेलकुद मैदान निर्माण र हरेक वडामा खेलकुद पुर्वाधारको  रुपमा रहेको खेल मैदान निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।
- युवाहरुको नेतृत्व बिकाश र क्षमता अभिबृद्धि यसवा परिचालन र प्रतिनिधित्व र पहँच स्थापीत गर्न गाउँपालिका स्तरिय **युवा शसक्तीकरण कार्यक्रम** संन्चालनको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ । साथै उक्त योजना सन्चालनको लागि एक जना सहजकर्ता नियुक्त गरिनेछ ।

## १.७) बालबालिका सम्बन्धि

- बाल अधिकार र बाल अधिकार संरक्षण  सम्बन्धि सचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।
- बाल अधिकार समितिको सस्थागत क्षमता अभिबृद्धि गरिनेछ । गाउँपालिकाको बाल बालबालिका सम्बन्धि ऐन, २०७७ लाइ कार्यन्वयन गरिनेछ । कार्यालयमा एक जना बाल कल्याण अधिकारी तोकिनेछ
- बिद्यालय स्तर र  सामुदाय स्तरमा  बाल क्लव गठन र सन्चालनमा तिब्रता दिइनेछ ।

- बालमैत्री स्थानिय शासनलाइ अभिबृद्धि गर्नको लागि बालबालिका निती  तर्जुमा गरी लागु गरिनेछ ।

**१.८) जेष्ठनागरिक सम्बन्धि**

- अन्तरपुस्ता छलफल र अन्तरक्रियामा जोड दिइनेछ ।
- जेष्ठ नागरिकको तथ्याङ्क संकलन र अद्यावधिक गरिनेछ ।
- सबै वडाहरुमा जेष्ठ नागरिक विश्रामस्थल, आरामस्थलको स्थापनाको निती  लिईनेछ ।
- घरमानै पुगेर स्वास्थ्य परिक्षणलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरीकहरुको निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- चालु आर्थिक बर्ष २०७७।०७८ मा वडा नं ५ मा निर्माण भएको जेष्ठ नागरिक बिश्रम गृहलाइ सन्चालनमा ल्याइनेछ ।

**१.९) अपाङ्गता भएका ब्यक्ति सम्बन्धि**

- अपाङ्गता भएका ब्यक्तिहरुको आत्म निर्भर र मर्यादित जिवनको सुनिश्चितताको लागी पहल गरिनेछ ।
- कार्यालयको भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाइनेछ ।
- अपाङ्गता भएका ब्यक्तिको सीप बिकाश तालिम सहायता सामाग्री बितरण र रोजगारीको लागि प्राथामिकता दिइनेछ ।
- गाउँपालिका भित्र रहेका अपाङ्गको हित र जिबिकोपार्जनमा टेवा पुर्याउने अभिप्राय सहित बृहत अपाङ्ग कोष स्थापना गरिनेछ । यस कार्यक्रम सन्चालननको लागि अपाङ्ग कार्यक्रम सहजकर्ता सन्चालन गरिनेछ ।

**१.१० आदिवासी जनजाती सम्वन्धी**

आदिवासी जनजातीको उत्थानको लागि आवश्यक  कार्यक्रम सन्चालनको लागि बजेट बिनियोजन गरिनेछ । यस कार्यक्रम सन्चालनको लागि एक जना सहजकर्ता नियुक्त गरिनेछ

**१.११ दलित उत्थान सम्वन्धि**

**दलितको उत्थान र शसक्तिकरणको लागि आवश्यक बजेट सहितको कार्याक्रम सन्चालन गरिनेछ । सो कार्याक्रम सन्चालनको लागि पाँच सदस्यिय एक संजाल गठन गरिने ब्यवस्था मिलाइनेछ ।**

## २. आर्थिक विकास

### २.१) रोजगारी

- स्थानिय सरकारबाट सन्चालन हुने योजनाहरुलाइ सम्भव भए सम्म श्रमप्रधान प्रबिधिको रुपमा कार्यन्वयन गर्ने ब्यवस्था गरिनेछ । श्रम तथा रोजगार बैङ्कको अबधारण कार्यन्वयन गर्नको लागि श्रम रोजगार बैङ्क सन्चालन कार्यबिधि तर्जुमा गरी लागु गरिनेछ । यसरी श्रम बैङ्कमा आबद्ध सक्रिय जनशक्तीलाइ सरकारी, गैर सरकारी, निजि क्षेत्र तथा उपभोक्ता समितिबाट कार्यन्वयन गर्न सकिने योजनामा परिचालन गरिनेछ ।
- बाझो जग्गाको लगत राख्ने काम चालु आर्थिक बर्षमा अद्यावधिक गरी आगामी आर्थिक बर्षमा यसलाइ भुमी बैङ्कको अबधारण अनुरुप विकाश गरी सोबाट कृषि क्षेत्रमा स्वरोजगारी सृजना गरिनेछ।
- गरिबी निवारण गर्ने बिभिन्न प्रकारका दक्ष तथा अर्ध दक्ष जनशक्ती उत्पादनको लागी **"गाउँपालिका अध्यक्ष गरिबि निवारण कार्यक्रम"** लाइ निरन्तरता दिइनेछ।साथै यस कार्यक्रम कृषि तथा पशुपंक्षी क्षेत्रमा समेत बिस्तार गर्ने ब्यवस्था मिलाइनेछ ।
- योजनाका हरेका बिषयमा रोजगारीलाइ अन्तर सम्बन्धि बिधाको रुपमा सुनिश्चित गराइनेछ ।
- गाउँपालिका मा रहेको रोजगार सेवा केन्द्रलाइ संघिय सरकारको सहयोगमा क्षमता बिकाश गर्ने त्यसको सुदृढीकरण गरिनेछ ।
- रोजगारीको क्षेत्रमा श्रम र ज्यालादरलाइ सन्तुलित गर्ने निती अख्तियार गरिनेछ ।
- स्थानिय सरकार उद्यमशिल बन्ने नागरिकलाइ उद्यमशिल बनाउने निजि क्षेत्रको उद्यमशिलतालाइ समेत उपयोग गर्ने निती अख्तियार गरिनेछ ।
- संघिय सरकारको समन्वयमा गाउँपालिका भित्र बैदेशिक रोजगारमा जाने नागरिकहरुको लगत राख्ने उक्त लगतको समय समयमा अद्याबधिक गर्ने बैदेशिक रोजगारलाइ भरपर्दो सुरक्षित ब्यवस्थित र मर्यादित बनाउदै लगिनेछ ।

- बैदेशिक रोजगारबाट प्राप्त ज्ञाप सीप अनुभव पुँजीलाइ उत्पादनमा लगाउन प्रोहोत्साहन गरिनेछ ।
- विदेशबाट रोजगार गुमाएर फर्किएका श्रमिकहरुलाई सिप र क्षमता हेरी पुनस्थापना गर्ने निती लिईनेछ ।
- बैदेशिक रोजगारलाइ मर्यादित र सम्मानित  गर्नको लागि बित्तिय साक्षरता कार्यक्रम सन्चालन गरिनेछ ।

## २.२) सहकारी र बित्तिय क्षेत्र

- कृषि र पशुपालनमको मुलत ब्यवसायिकरणमा कृषी सहकारीहरुलाइ परिचालन गरिनेछ । सहकारीहरुको क्षमता अभिबृद्धि र सस्थागत बिकाशमा सहजिकरण गरिनेछ ।सहकारी मार्फत लगानी अभिबृद्धिगरीउद्योग मैत्री बाताबरण सृजन गरिनेछ ।
- सहकारी ऐन, २०७५ को शिघ्र कार्यन्वयन गरिनेछ । सहकारी नियामावली, सहकारी दर्ता निर्देशिका, सहकारीहरुको नियमन मापदण्ड वनाई लागु गरिनेछ ।
- सहकारी समुह सन्जाल निर्माणमा  प्राथामिकता दिदै सरकारी संस्थाहरुको सघन अनुगमन गर्ने ब्यवस्था मिलाइनेछ ।

## २.३) उद्योग तथा बाणिज्य

- गाउँपालिकामा आद्यौगिक ग्राम स्थापनाको लागि संघिय सरकार प्रदेश सरकार समक्ष पहल गरिनेछ । स्थानिय स्तरमा पाइने कच्चा पद्धार्थमा आधारित रोजगार मुलक उद्योगको स्थापना गरिनेछ ।
- छैठौ गाउँ  सभाले पारित गरेको औद्यौगिक ब्यवसाय ऐन, २०७६ तथा सार्बजानिक निजी साझेदारी ऐन, २०७६ कार्यन्वयन गरिनेछ ।
- स्थानिय बजारलाइ ब्यवस्थित र स्वच्छ प्रतिस्पर्धि बनाउन तथा उपभोक्ता ठगिनबाट जोगाउनको लागि ब्यापारीहरुको सहभागितामा ब्यापार आचार संहिता बनाइ लागु गरिनेछ ।

- प्रतिस्पर्धामा छनौट भएका ब्यवसाय बिकाश सेवा प्रदायक संस्थाहरु मार्फत आवश्यकता पहिचानको आधारमा सीप बिकाश तालिम सन्चालन गरिनेछ ।
- प्रतिस्पधामा छनौट भएका ब्यवसाय बिकाश सेवा प्रदायक सस्था मार्फत लघु उद्यम कार्यक्रम सन्चालन गरिनेछ ।
- उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नको लागि कम्तीमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण गरिनेछ ।
- बारपाक सुलीकोट गाउँपालिकामा सुचिकृत प बेरोजगार युवाहरुलाइ सम्भाव्यताको आधारमा कुक, वेटर, ड्राइभिङ, प्लम्बिङ, सिलाइ-कटाइ, मेकानिकल जस्ता सीप मुलक लामो तथा छोटो अबधिका तालिमहरु सन्चालन गरिनेछ ।यसका लागि संघ र प्रदेश सरकारहरुसंग लागत साझेदारीमा कार्याक्रम सन्चालान गर्ने ब्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र निरपेक्ष गरिबी तथा न्युन आय भएका जनताको लागि जिवनस्तर उकास्नको लागि बिशेष अभियान सन्चालन गरिनेछ ।

## २.४) पर्यटन

- गाउँपालिका क्षेत्रभित्रका प्रशिद्ध तीर्थस्थलहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न र त्यसलाई आर्थिक विकासका अवसरहरुसँग जोड्ने गरी गाउँपालिकाको वार्षिक र अवाधिक योजना बनाई लागु गरिनेछ ।
- शहिद दिल बहादुर रम्तेल स्मृतिपार्क तथा युद्धपार्क ताकुकोटलाई युद्ध संग्रालय सहित विशेष पर्यटकिय केन्द्र बनाउने कार्यालयलाइ निरन्तरता दिइनेछ ।
- धार्मिक पर्यटकिय क्षेत्रहरुको व्यापक प्रचार प्रसार गरी प्रवद्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।धर्मिक स्थलहरुको पुननिर्माण कार्य यथासम्भव छिटो सम्पन्न गर्नको लागि सहयोगी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- पर्यटकहरुको बारपाक सुलिकोट बसाई लम्बाउने गरी थप पर्यटकिय स्थलहरुको विकासका कार्यक्रम पहिचान गरी कार्यान्वयन गरिनेछ ।
- मनोरन्जन, दृश्यावलोकन तथा साहसिक पर्यटनका लागि गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय गन्तव्यलाई अगाडी वढाउने वातावरण सृजना गरिनेछ ।
- विभिन्न जातजाती विशेषको सांस्कृतिक परम्परा झल्कने संस्कृति प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी आन्तरीक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने व्यवस्था मिलाईनेछ ।

- पर्यटकिय गन्तव्यको संरक्षण गर्ने निति अख्तियार गर्दै पर्यटकीय गुरुयोजना तर्जुमा गरी लागु गरिनेछ ।
- पर्यटनमैत्री ,सफा सुन्दर र आकर्षित हुनेगरीजनताको सहभागितामा **"बारपाक सुलिकोटको रहर ,सफा सुन्दर र सभ्य गाउँघर "** अभियान कार्यक्रम सञ्चालन गरिनेछन् ।समुदायको सहकार्यमा सौर्य उर्जाको माध्यमबाट मुख्य बजार क्षेत्रमा बत्ती व्यवस्थापनको शुरुवात गरिनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा अगाडी बढाउन बिद्यमान ऐतिहासिक, धर्मिक, सास्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धनको कार्य गर्नुका साथै अध्ययन अनुसन्धानलाई अद्यावधिक गरी अभिलेखिकरण गरिनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकालाई पर्यटन मैत्री गाउँपालिका अभियानको लागि विभिन्न स्थलमा होमस्टेको रुपमा सम्भाव्यता अध्यानगरीनिजी (४०%) साझेदारी (६०%) मा घरवास (Home Stay) विकासमा जोड दिईनेछ ।
- सुलिकोट डाँडा ,सुलिकोटगढी ,धुन्चोकपोखरी , बैजनीताल, माइकोट देबी, मन्दिर र सीता गुफा जस्ता धार्मीक तथा प्राकृतिक सम्पदाहरुमा प्रर्यटकीय प्रद्धदन गर्न पर्यटकिय पुर्बाधारको निर्माण गरिनेछ ।

## २.५) कृषी बिकाश सम्बन्धि

- कृषी पेशालाइ सम्मानित पेशाको रुपमा स्थापीत गर्न युवाहरुलाइ कृषी पेशा प्रति आकर्षित पेशाको रुपमा बिकाश गरिनेछ ।
- गाउँपालिका भित्र कृषी अन्तरगतका तरकारीजन्य फलफुल मासुजन्य तथा दुधजन्य बस्तुहरुमा गाउँपालिकालाइ आत्म निर्भर बनाउन आयत प्रतिस्थापन मुलक बिशेष कार्यक्रम सन्चालनमा प्राथामिकता दिइनेछ । ।
- वडाहरुको सम्भाव्यता अध्ययन बिश्लेशणगरीसोको आधारमा कृषी पकेट क्षेत्रहरु घोषणा गरिनेछ ।
- सहकारी तथा निजि क्षेत्र समुह मार्फत उच्च मुल्यका कृषी बाली नगदेबालीको बजारीकरणमा सघाउ पुग्ने पुर्बाधार बिकाशमा जोड दिइनेछ ।
- **"प्रधानमन्त्री कृषी आधुनीकरण कार्यक्रम"** संग समन्वय गरी कृषक समुहलाइ अनुदान उपलब्ध गराउनको लागी कार्यक्रम सन्चालन गरिनेछ ।
- " ब्यवसायी कृषी उत्पादन प्रशोधन र बजारीकरण गरिने स्थानसम्म कृषी सडक सन्जाल पुर्याईनेछ ।

- कृषी उत्पादनको क्षेत्रमा सिंचाइ सुबिधा पुर्याउनका लागी गाउँपालिका प्रदेश सरकार संघिय सरकारका सरोकारवाला निकायहरु बिभिन्न गैह्र सरकारी  निकायहरु कृषी सरकारी सामुदायिक सस्था कृषक समेतको सहभागितामा दिगो र भरपर्दो सिँचाइ प्रणालीको बिकाशमा जोड दिइनेछ ।
- गाउँपालिकाको क्षेत्रमा उपयुक्त क्षेत्रमा एक नमुना अर्गानिक कृषी फार्म सन्चालनमा प्रोत्साहन गरिनेछ ।
- उत्पादन र उत्पादकत्वमा अभिबृद्धि गर्नको लागि कृषीको आधुनीकरण उन्नत बिँउ बिजन आधुनिक प्रबिधि कृषीमा यन्त्रिकरणमा प्रोहत्साहन गरिनेछ ।
- यसरी माथी उल्लेखित निती हरु कार्यन्वयन गर्नको लागि साना सिँचाइ फलफुल तथा तरकारी श्रोत केन्द्र स्थापना प्लाष्टिक घर निर्माण, भकारो सुधार कार्यक्रम, बाझो जग्गा नराख्नेलाइ अनुदान, ग्रामीण भुमी बैङ्क, कोल्ड स्टोर, सहुलियत ऋण कार्यक्रम, प्रतिफलमा आधारित अनुदान कृषकको न्युनतमा लागत उठ्नेगरीकृषी उपज बजारको ग्यारेन्टी, नबिन सिँचाइ प्रबिधिमा अनुदान, अन्नबाली बीउ उत्पादन कार्यक्रम मौरी पालन कार्यक्रम सन्चालन गरिनेछ ।

### २.६ पशुपंक्षी तथा मत्यपालन

- पशुपालनमा उन्नत नश्ल सुधार सम्बन्धि कार्यक्रम सन्चालन गरिनेछ ।
- कृषकहरुको तथ्याङ्क अद्याबधिक गर्न कृषक दर्ता ब्यवस्थापन कार्यक्रम लागत साझेदारीमा बाख्रा पालन कार्यक्रम  सञ्चालन गरिनेछ ।
- भेडा पालनको लागि खर्क सुधार तथा उन बिकाश कार्याक्रम सन्चालन गरिनेछ ।
- पशुरोग नियन्त्रणको लागि औषधी खरिद तथा वितरणको साथै पशुपक्षींमा खोपको  ब्यवस्था मिलाइनेछ । पहिरोबाट क्षति भएका पशुपालन सम्बन्धि पुर्बाधारको **अझ राम्रो अझ बलियो** अवधारणा अनुसार सुधार गरिनेछ ।
- असिना पहिरो भुकम्प बाढी र आगलागीबाट पशुधनलाइ सुरक्षित राख्ने गरी जनचेतना अभिबृद्धि गरिनेछ ।
- कृषक समुह तथा कृषकहरुको अवलोकन भ्रमण गर्ने कार्याक्रम सन्चालन गरिनेछ ।
- कुखुरापालन ब्यवसायलाइ प्रवद्धन  गर्नको लागि ह्याचिङ मेसिन र खुकुराको दाना बनाउने मेसिन लगायत खोर ब्यवस्थापनको लागि आवश्यक उपकरण तथा सामाग्री वितरण गर्ने कार्याक्रम सन्चालन गरिनेछ ।

- उत्कृष्ट किसान सम्मान कार्याक्रम लागु गरिनेछ ।
- पशु धनको संरुक्षण तथा रोगजन्य महामारी बाट बचाउनको लागि पशु स्वास्थ्य शिविर सन्चालन गरिनेछ ।
- नेपाल सरकार बित्तिय हस्तान्तरण अन्तरगत मत्स्यपालन ब्यवसाय प्रवद्धन कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।
- पशु हाट बजारको अवधारणा अनुरुप बिभिन्न स्थानमा पशु उपजको बजारीकरणको लागी **पशु संकलन केन्द्रको** स्थापना गरिनेछ ।
- कृषक कृषक समुह कृषी फर्मको क्षमता अभिबृद्धि गर्नको लागि बिभिन्न बिधामा आवश्यकता बमोजिम सीपमुलक तथा ज्ञानमुलक तालिमको ब्यवस्था गरिनेछ ।
- गुणस्तरिय मास उत्पादन तथा उपभोगको लागि बधशालाको अबधारणा लागु गरिनेछ ।
- गाउँपालिकाको आठौ गाउँ सभाबाट पारित **पशु स्वास्थ्य ऐन ,२०७७** लागु गरिनेछ ।

## ३.) पूर्वाधार विकास

### ३.१) स्थानिय सडक

- गाउँपालिका कार्यालय देखि प्रत्येक वडा केन्द्रसम्म पुग्ने सडक सञ्जाल विस्तार एवं स्तरोन्नति गरि **'हाम्रो सडक राम्रो सडक** ' अभियान सञ्चालन गरिनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धि ऐन, २०७६ का व्यवस्थाहरुलाई कडाईका साथ लागु गर्दै लगिनेछ ।
- गाउँपालिकाका प्रमुख वस्तीहरुमा साना सवारी एवं गाउँपालिका बस जस्ता सार्वजनिक यातायत सञ्चालन गर्ने आवश्यक पहल गरिनेछ । सडकहरुलाई चालु अवस्थामा राखी रहन गाउँपालिका स्तरीय मर्मत सम्भार कोषको व्यवस्थालाइ निरन्तरता दिइनेछ ।
- उपभोक्ता समितिको कार्य क्षमता , कार्य कुशलता अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका खोला तथा नदिजन्य स्रोतहरुको पहिचान तथा परिचालनका लागि IEE (प्रारम्भिक वातावरणिय परिक्षण )गरी सम्भाव्यताको आधारमा गिट्टी, बालुवा, ढुङ्गा लगायतका निर्माण सामाग्रीको कानुन बमोजीम ठेक्का लगाई आन्तरिक आयमा जोड दिईनेछ ।

- वडा कार्यालयहरुको भवन निर्माण गरि आवश्यक भौतिक पूर्वाधार सहित, सुचना प्रविधि समेतको व्यवस्था गरि वडाबाट सञ्चालन गरिने सेवा सुविधालाई चुस्त तथा दुरुस्त र प्रभावकारीरुपमा सेवा प्रवाह गरिदै लगिनेछ ।
- ध्याम्पेशाल -देउराली -ताकुकोट -स्वाराँ -सौरपानी सडक कालोपत्रे गर्दै लगिनेछ । अरु मुख्य सडकलाई स्तरउन्नती गर्दै लगिनेछ । सडकको संरक्षण गर्नेको लागि आवश्यक संख्यामा हेरालुहरुलाई फिल्डमा खटाईनेछ ।
- पोखरी-स्नान-मान्द्रे सडकको ट्र्याक खोल्ने काम आगामी आ.व. भित्र सम्पन्न गरिनेछ ।
- गाउँपालिका भित्र नयाँ सडक खन्ने कार्यलाई रोक लगाईनेछ । कायम भएका सडकलाई स्तरउन्नती गर्ने र बाह्रै महिना यातायत सञ्चालन हुने गरी सडकको विकाश गर्दै लगिनेछ ।
- गाउँपालिकाको सवै वडाहरुको केन्द्रलाई जोड्ने सडकलाई विशेष प्राथमिकात दिईनेछ ।
- गाउँपालिका भित्रका मुख्य सडकहरुलाई बाह्रै महिना गाडी संचालन गर्न सकिने  बनाउन जोड दिईनेछ ।
- DTMP ले तय गरेको सडक मापदण्डलाई काडाईपुर्वक कार्यान्वयनगरीव्यवस्थित सडक संजाल निर्माणमा जोड दिईनेछ ।
- सडक संजाललाई उत्पादन एवं रोजगारी सँग जोड्न पहल गरिनेछ ।

### ३.२) सिँचाई

- पानीका मुहानको संरक्षण गरी पानी सङ्कलन पोखरी र आवश्यकताको आधारमा आकाशे पानी सङ्कलन पोखरी निर्माण गरी साना सिँचाई प्रणालीको विकाश गरीनेछ ।
- परिक्षणको रुपमा थोपा सिँचाई प्रणालीको प्रवर्द्धन गरीनेछ ।
- मालिमटार सिँचाई आयोजनालाई अगाडी वढाउन पहल गरीनेछ ।
- कृषि विकासलाई सहयोग पुग्ने खालका सिँचाई योजना तर्जुमा गरी लागु गरीनेछ ।
- बाह्रमुले खानेपानी योजनाको स्तर उन्नती गर्ने ब्यवस्था मिलाइनेछ ।

### ३.३) भवन तथा वस्ती विकास

- बारपाक सुलिकोट गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता कार्यान्वयनमा ल्याईनेछ ।

- बारपाक सुलिकोट गाउँपालिका भित्रका घरधुरी एकिन गरी गाउँपालिकाको सेवालाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि घर नम्बर राख्ने कार्यक्रम सञ्चालन गरीनेछ ।
- दलितवस्ती लगायतका घर निर्माण गर्न नसकेका विपन्न एवं असाहाय गरीव नागरीकलाई आवश्यक सहयोग निती लिईनेछ ।
- अव्यवस्थित र असुरक्षित भवन र तथा संरचनाहरु हटाई मापदण्ड अनुसार बनेका भवन र संरचनाहरुको नक्सा पासको प्रक्रिया कार्यान्वयनमा ल्याईनेछ ।
- भुकम्पबाट क्षतिग्रस्त निजि आवास पुनर्निर्माण सम्पन्न भएका टोल बस्तिहरुलआई पुनःनिर्माण प्राधिकरणको नियमानुसार निर्माण सम्पन्न प्रमाण पत्र वितरण सहित निजी आवास पुननिर्माण सम्पन्न भएको घोषणा गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सक्ने साना जलविद्युत आयोजना सञचालनका लागि थप सम्भाव्यता अध्यान गरीनेछ ।
- विद्युतिकरण भएका टोल बस्तीहरुमा जोखिमयुक्त प्रसारण लाईनलाई नेपाल विद्युत प्राधिकरण सँगको समन्वय र सहकार्यमा व्यवस्थित गरीनेछ ।

**३.४) सञ्चार**

- आजको युग सुचना र संचारको युग हो । सुचना र संचार प्रविधि विना समृद्धिको परिकल्पना गर्न सकिदैन । यस गाउँपालिकाको अधिकांश भागमा टेलीफोन जडानका लागि नेपाल टेलिकम सँग ताकेता गरी राखिएको छ । यस तर्फ आवश्यक मात्रामा टेलिफोन टावर जडान गर्ने तर्फ आवश्यक पहलकदमी गरीनेछ । आगामी दिनमा ईन्टरनेट सहितको सुचना प्रविधिको विकासका लागि नेपाल टेलिकम तथा अन्य निजी क्षेत्रसँग समन्वय गरीनेछ । सर्वसाधारणलाई सर्वसुलभ ढंगले इन्टरनेटमा पहुँच प्राप्त गर्नेको लागि आवश्यक वातावरण बनाईनेछ ।
- गाउँपालिकामा सुचना प्रविधि केन्द्र स्थापना गरी सर्वसाधरणलाई सूचना प्रविधिको पहुँच अभिबृद्धि गर्दै लगिनेछ ।
- गाउँपालिकाको कार्यालय तथा सवै वडा कार्यालयलाई सुचना प्रविधि मैत्री बनाई सेवालाई प्रभावकारी बनाईनेछ ।
- गाउँपालिका भित्रका सबै सामुदायिक बिद्यालयमा इन्टरनेट सेवा बिस्तार गर्ने ब्यवस्था मिलाइनेछ ।

- मोवाइल फोनको टावर बिस्तारको लागि नेपाल टेलिकम समक्ष आवश्यकता बमोजिम पहल गरिनेछ ।
- बारपाकमा **आइटी पार्क** निर्माणको लागि अध्ययन गरिनेछ ।
- गाउँपालिका कार्यालयमा **सर्भर रुम** स्थापना गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ ।

## ३.५) ऊर्जा तथा विद्युत

- उर्जा विकासको महत्वपूर्ण पूर्वाधार हो । यस गाउँपालिका क्षेत्रभित्र विगतमा लघु जलविद्युत, सौर्यवत्ती तथा सुधारिएको चुलोको प्रयोग व्यापक रुपमा गरीएको छ , जुन असाध्यै सराहनिय छ, वातावरण मैत्री उर्जाको प्रयोग मार्फत यस गाउँपालिकालाई समृद्ध बनाउन प्रयासरत सम्पूर्ण दातृसंस्था, नेपाल सरकार, यस क्षेत्रभित्रका सम्पूर्न जनता तथा सरोकारवालाहरुलाई प्रोत्साहन तथा सराहना गर्दै आगामी दिनमा समेत यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै विद्युतको राष्ट्रिय प्रशारण लाईनमा नजोडीएका गाउँ बस्तीहरुमा यथासिघ्र राष्ट्रिय प्रशारण लाईनमा जोड्ने काम अगाडी बढिरहेको छ । यसलाई समयमा सम्पन्न गर्न पहल गरीनेछ ।
- उज्यालो नेपाल अभियान अन्तर्गत **"जनताको लागि जनताको आम्दानी"** भन्ने नीति अनुरुप गाउँपलिका भित्रका सम्भावित विद्युत उत्पादनका क्षेत्र पहिचनगरीजनसमुदायको सहभागितामा जलविद्युत उत्पादन गर्ने लक्ष्य लिईएको छ । दरौदी, हुँडीखोला, स्थुलखोला, रामरुङ्ग खोलाको पानीको श्रोतको भरपुर प्रयोग गरीनेछ ।
- केन्द्रिय विद्युत लाईनलाई विस्तार गरी यसै आ.व. भित्र काठे पोललाई फलामे पोलले विस्थापन गरीने कार्यलाइ निरन्तरता दिइन्छ ।
- वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गरीनेछ ।
- जलबिद्युत बिकाशको लागि उर्जा बिकाश निर्देशिका जारी गरी कार्यन्वयन गरिनेछ ।
- उर्जा संग सम्बन्धित संरचनाहरु जस्तै बायो ग्यास लघु जलबिद्युत आयोजना अझ राम्रो अझ बलियो अवधारणा अनुरुप पुर्नलाभ गर्ने गरी कार्याक्रम तथा क्रियाकलाप सन्चालन गरिनेछ ।
- **उज्यालो बारपाक सुलिकोट** अभियान कार्यक्रम सञ्चालन गरीनेछ ।

## ३.६) खानेपानी र सरसफाई

- गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रबन्ध मिलाउनका लागि पहल गरीनेछ । खानेपानी अभाव भएका वस्तिहरुमा स्वच्छ खानेपानीको सुविधा गारउन खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।
- साविक खानापनी तथा सरसफाई सव डिभिजन कार्यालय मार्फत सञ्चालनमा रहेका बहुवर्षिय आयोजनाहरलाई तोकिएकै समयमा सम्पन्न गर्न थप पहल गरीनेछ । फोहोरमैला व्यवस्थापन गर्ने ,खानेपानीको शुद्धिकरण गरेर मात्र पिउने , सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा "**सफा र स्वच्छ खानेपानी बारपाक सुलिकोटको शान**" नारा लाई मुर्तरुप दिन कार्यक्रमहरु सन्चालनमा ल्याईनेछ ।
- आगामि २ वर्षभित्र गाउँपालिका भित्रका सबै घरमा "**एक घर एक धारा करेसाबारी हरभरा**" को निम्ती अनुरुप प्रत्येक टोलमा खानेपानी पुर्‍याउन जोड गरीनेछ ।
- बजार र बस्तिहरुमा आवश्यकता अनुसार फोहोर संकलन र सार्वजनिक शौचालय निर्माणमा जोड दिईनेछ ।
- बारपाक गाउँको ढल निकास र सरसफाईलाई विशेष प्राथमिकता दिईनेछ । विशेष कार्याक्रम मार्फत दिशा खुला रुपमा छोड्ने कामलाई कडाईका साथ रोकिनेछ ।
- खानेपानी मुहान सुदृढीकरण तथा मुहानको संकलन केन्द्रको सुरक्षा गरी खानेपानीको गुणस्तर सुधार गरिनेछ ।
- आवश्यकता अनुसार मासिक तथा त्रैमासिक रुपमा खानेपानीको गुणस्तर सुधारकमा लागि खानेपानी उपभोक्ता समितिहरुलाइ जवाफदेही र जिम्मेवार बनाइनेछ ।
- आगामी आर्थिक गाउँपालिकाका सबै घर घुरीमा सफा खानेपानीको पहुचँ सुनिश्चित गरिनेछ ।

## ४) वातावरण तथा विपद व्यवस्थापन

### ४.१) वन तथा भू संरक्षण

- गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गा, सामुदायिक वन, धार्मिक वन तथा कबुलयती वन र निजी जग्गामा समेत विभिन्न प्रकारका फलफुल तथा जडिवुटि खेतीको विस्तार गर्ने, वनजन्य स्रोतहरुको संरक्षण तथा व्यवस्थापन गर्ने वन्यजन्तुहरु तथा जैविक विविधताको संरक्षण गर्दै लगिनेछ ।

- गाउँपालिका क्षेत्रभित्रका समुदायद्धारा व्यवस्थापन गरीएका वन स्थानिय समुदायको सहभागितामा वन जन्य स्रोतको व्यवस्थापनबाट आय आर्जनमा वृद्धि गरी उत्पादनमुखी वन व्यवस्थापनको नीतिलाई अङ्गिकार गरीनेछ ।
- बारपाक सुलिकोट क्षेत्रलाई समुदायमा आधारित एकीकृत प्राकृतिक स्रोत व्यवस्थापन, जैविक विविधता संरक्षण तथा पर्यापर्यटनको विकासको लागि बारपाक सुलिकोट संरक्षित वनको अवधाराणा अनुसार व्यवस्थापन गर्ने पहल गरीनेछ ।
- वन डढेलो , चट्याङ, सुख्खा खडेरी, हुरी बतास , असिना  जस्ता प्राकृतिक विपद् सम्वन्धी आम सचेतना मुलक  कार्यक्रम सञ्चालन गरी त्यसको जोखिम न्युनिकरण लागि विशेष पूर्व तयारी कार्यक्रम लागू गरीनेछ ।
- विद्युतिय उपकरण ( करेन्ट) विषादीको प्रयोग गर्दै खोला नदिमा माछा मार्ने कार्यलाई निषेध गरी माछा लगायत जलचरको समुचित संरक्षण गरीनेछ ।
- विश्वव्यापी उष्णता, हरितगृह प्रभाव र ओजन तहको विनासशलाई मध्यनजर गर्दै वातावरण संरक्षण , दिगो विकास र पारिस्थितिक पद्धतिको संरक्षणको लागि वहु- वर्षीय तथा बहु-उपयोगी बृक्ष जस्तै वर, पिपल ,स्वामी, रुद्राक्ष , अशोक वृक्ष आदि वृक्षारोपण गर्दै लगिनेछ ।
- प्रदेश सरकारको लागत सझेदारीमा खोला / नदिको  कटानी नियन्त्रण, पोखरी निर्माण, पानिका मुहान संरक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- पालिका भित्रको भवन कार्यालयहरुमा स्थानीय बनमा उत्पादित काठ र काठजन्य फर्निचर तथा अन्य सामाग्रीको प्रयोगमा जोड दिइनेछ ।
- सामुदायिक वन र अन्य वनमा डढेलो नियन्त्रणको लागि नियमित रुपमा वनको सफाइ गर्ने सार्वजानीक बाटो वन पथ निर्माण गर्ने आवश्यकता अनुसार **कृत्रिम जलाशय तथा पानी पोखरी** निर्माणमा जोड दिइनेछ ।
- सडक नदि किनारा सार्वजानिक स्थान र प्रत्येक निजी घरधनीले बार्षिक रुपमा कम्तीमा एक बृक्षारोपण कार्यालाइ प्रवर्द्धन गर्दै **पालिका हरियाली कार्यक्रम** सन्चालन गर्ने ब्यवस्था मिलाइ यस कार्यका लागि आवश्यक नर्सरी स्थापना गरिनेछ ।

## ४.२) विपद् व्यवस्थापन

- भू- क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशिल मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई न्यूनिकरण गर्न गाउँपालिकामा स्थानिय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा जोड दिईनेछ ।
- आपतकालिन कार्य सन्चालन कार्यविधी बनाई लागु गरीनेछ ।
- विपद् व्यावस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरी प्रकोपमा परेका व्यात्तीको तत्काल उद्धार, राहत र पुनः निर्माण जस्ता कार्यक्रम सञचालन गरीनेछ । विपद् व्यावस्थापनका लागि गाउँपालिका स्तरमा "विपद् व्यवस्थापन कोष" सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- स्थानीय तहामा विपद् व्यावस्थापन पूर्व तयारी तथा जोखिम न्युनिकरण योजना तयार बनाई विकासको मूल प्रवाहिकारण गर्दै लगिनेछ ।
- बिपद् जोखिम न्युनीकरण तथा प्रतिकार्य क्रियाकलापमा आवश्यक पर्ने आर्थिक तथा प्राबिधिक सहायता राष्ट्रिय बिपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन प्राधिकरण संग समन्वय गरी पुर्ती गर्ने ब्यवस्था मिलाइनेछ ।

### ४.३ ) फोहोर मैला तथा ढल व्यवस्थापन

- गाउँ बस्तीमा टोल विकास समिती गठन र परिचालन गरी सरसफाई अभियानको रुपमा नै सञ्चालन गरी" Make Barpak Sulikot , Clean and Green " नारालाई साकार बनाउन टोल विकास समितिलाई परिचालन गर्दै लगिनेछ ।
- घर घरबाट निस्कने फोहरलई कुहिने र नकुहिने फोहरमा विभाजन गरी कुहिने फोहोरलाई कम्पोस्ट मलको रुपमा उपयोग गराउन अभिप्रेरित गरीनेछ ।
- बारपाकमा सरसफाई सम्बन्धी विशेष कार्याक्रम सञ्चालन गरीनेछ ।

## ४.४ जलबायु परिवर्तन

- जलबायु परिवर्तन अनुकुलन निती अबलम्वन गरिनेछ । यसका लागि स्थानिय अनुकुलन योजना बनाउनको लागि आवश्यक पहल गरिनेछ ।
- जलवायु परिवर्तनबाट बस्तीहरुलाई सुरक्षित राख्न पहल गरिनेछ ।
- जलवायु परिवर्तनबाट सृजित समस्यासंग जुध्नको लागि स्थानिय स्तरमा ठोस निती तथा कार्यक्रमको ब्यवस्था गरिदै लगिनेछ ।
- आकाशे पानीको संकलन गर्न समुदायलाइ प्रोहोत्साहन गर्ने कार्याक्रम अवलम्वन गरिनेछ ।

- जलबायु परिवर्तन अनुकुल कृषी निती  तथा बिकाश निती  अवलम्वन गरिनेछ ।

**४.५ जलाधार संरक्षण**

- जलधार क्षेत्रमा बृक्षारोपण गर्ने ब्यवस्था मिलाइ गाउँपालिका भित्रको जलाधार संरक्षण गर्ने बिषयमा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र  वन उपभोक्ता समितिको क्षमता बिस्तारको लागि तालिम सन्चालन गरिनेछ ।
- भुकम्प तथा पहिरोले क्षति गरेका पानीका स्रोतहरुलाई पुनः निर्माण गर्ने ब्यवस्था मिलाइनेछ ।

**४.६ जलउत्पन्न प्रकोप नियन्त्रण ।**

- जलउत्पन्न प्रकोप नियन्त्रणको लागि स्थानिय  ठोस निती  संरचना को ब्यवस्था गर्दै लगिनेछ ।
- प्रकोप नियन्त्रणको लागि बायो इन्जिनियरिङ्ग र चेक डयामको निर्माण गरिनेछ ।
- बाढी ग्रस्त क्षेत्रमा  बृक्षारोपण गर्ने ब्यवस्था मिलाइनेछ

**५) शुसासन तथा सस्थागत क्षमता बिकाश**

- स्थानिय सेवाका कर्मचारी तथा जनप्रतिनिधिहरुको  आचार संहित बनाइ लागु गरीनेछ ।
- प्रत्येक कर्मचारीलाइ कार्यबिवरण उपलब्ध गराइदिने छ । कर्मचारीहरुले तोकिए बमोजिमको कार्य सम्पादन गरे नगरेको अनुगमन गरीनेछ ।
- प्रमुख प्रशासकिय अधिकृत  विषयगत शाखाका प्रमुखसँग अनिवार्य रुपमा कार्य सम्पादन सम्झौता गरीनेछ ।
- बिद्युतिय हाजिरलाइ प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।
- कर्मचारीलाइ उच्च मनोबलमा काम गर्नको लागि उपयुक्त  बातावरणको सृजना गरीनेछ ।
- निती तथा कार्यक्रम लागु गर्दा अन्तर बिषयगत शाखाको दोहोरोपन तथा सम्भाबित द्धन्दलाइ समाधान गर्न समन्यलाइ प्रभावकारी बनाईनेछ ।
- न्यायिक समितिको छुट्टै इजलाश बनाउने र त्यसको क्षमता बिकाश गर्ने प्रत्येक वडामा मेलमिलाप केन्द्र निर्माण गरीनेछ ।
- वडा कार्यालयमा कार्यरत वडा सचिवहरुलाइ प्रत्येक महिना गाउँपालिकामा अनुशिक्षण कार्यक्रम सन्चालन गरीनेछ ।
- **सेवाको वरिपरि जनता होइन जनताको वरिपरि सेवा हो** भन्ने युक्तिलाइ आत्म साथ गरी सेवा प्रवाह गरीनेछ ।

- जनगुनासो ब्यवस्थापन गर्न उजुरी पेटिका हेलो गाउँपालिका अध्यक्ष कार्यक्रम सन्चालन गरीनेछ ।
- गाउँपालिकामा यस चालु आर्थिक बर्षबाट कर्मचारी बिद्युतिय हाजिरी प्रणाली सुरु भएको छ आगामी आर्थिक बर्षबाट सबै वडा कार्यालय र स्वास्थ्य संस्था तथा सामुदायिक बिद्यालयमा समेत बिस्तार गरीनेछ ।
- नागरीक वडापत्रको सरलीकरण र बजारीकरण गरी क्षतिपुर्ती सहितको नागरीक बडापत्र लागु गरीनेछ
- बिषयगत शाखा प्रमुखहरुलाइ जिम्मेवार र जवाफदेही बनाउन आफु भन्दा माथिल्लो अधिकारीलाइ आफुले गरेको कामको सम्बन्धमा नियमित रुपमा बिफ्रिङ गर्ने मासिक, चौमासिक, मध्यवधि र बार्षिक प्रतिबेदन प्रणालीलाइ कानुनी रुपमा बाध्यकारी बनाइनेछ ।
- कार्यालयको वेवसाइड नियमित रुपमा अद्याबधिक गरीनेछ ।
- योजना सम्झौता कार्यान्वयन अनुगमन मुल्याङ्कनलनइ सुचना प्रबिधि संग आबद्ध गरीनेछ ।
- सार्बजानिक सुनुवाइ ,सामाजिक परिक्षण, तेस्रो पक्षको मुल्याङ्कन, सुचना प्रवाह ,खर्चको बिवरण नियमित रुपमा सार्बजानिक गरी स्थानिय सरकार प्रति नागरीकको सकारात्मक छबि निर्माण गरीनेछ ।
- स्थानिय सरकारका नियमित काम कारवाहीलाइ वेवसाइडमा राखिनेछ । साथै कार्यापालिका निर्णयहरु समेत वेवसाइडमा राखिनेछ ।
- सेवा प्रवाह र बिकाशलाइ प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाइ संस्थागत गर्दै प्रबिधि मैत्री बनाइनेछ ।
- प्रशासनिक निर्णयलाइ पारदर्शी सहभागितामुलक बनाइनेछ ।
- बारपाक सुलिकोट गाउँपालिका स्थापना भएपछी १८ वटा स्थानीय कानुन तिन दर्जन वढी नियामावली, कार्यविधि मापदण्ड, निर्देशिका निर्णाण भईसकेका छन् । निर्माण भएका कानुनको कार्यन्वयन शिघ्ररुपमा गरीनेछ बाकीं कानुन निर्माण कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरीनेछ ।
- आगामी आर्थिक वर्षबाट नयाँ प्रशासकिय भवनबाट कार्यालयको सम्पुर्ण प्रशासनिक तथा सेवा प्रवाहका कार्यहरु प्रदान गरिनेछ ।

## ६. राजश्व निती र राजश्व परीचालन

- नेपालको संविधान २०७२, अन्तरसरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ र स्थानिय सरकार सञ्चालन ऐन , २०७४ ले स्थानिय तहालाई प्रदान गरेका वित्तिय अधिकार क्षेत्रको अधिनमा रही राजश्वका आधारमा दर निर्धारण गरी राजश्व परिचालन गर्ने निती अख्तियारी गरीनेछ ।
- वडागत राजश्व लक्ष्य र विषयगत राजश्व लक्ष्य किटान गरीनेछ , राजश्व उठाउने सम्पूर्ण जिम्मेवारी वडाहरुलाई दिईनेछ ।

- व्यावसाय मैत्री र कारदाता मैत्री राजश्व निती  अख्तियार गरीनेछ ।
- चालु आर्थिक वर्षबाट कार्यन्वयनमा आएको सम्पती करको समिक्षा गरी आगामी आर्थिक बर्षबाट प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।
- व्यावसाय कर असुर उपर गरीने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।
- राजश्व असुल उपर गर्ने ,चुहावट न्यूनिकरण गर्ने कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका राजश्व अधिकारी तोकिनेछ ।
- आन्तरिक आय ठेक्का कार्यविधी बनाई लागु गरीनेछ ।गाउँपालिका क्षेत्र भित्रका घाट तथा नदिहरुमा रहेको  नदिजन्य पद्धार्थबाट प्राप्त हुने राजश्वलाइ चुहावट हुन नदिनको लागि नियमित अनुगमन गर्नको लागि राजश्व परामर्श समितिको क्रियाशिलता बढाइनेछ ।
- करदातालाइ कर तिर्ने दायित्व प्रति उत्प्रेरित गर्न उत्कृष्ट करदाता सम्मान कार्यक्रम सन्चालन गर्ने ब्यवस्था मिलाइनेछ ।
- चालु आर्थिक बर्षबाट वडाले राजश्व परिचालन गरेको प्रगतीलाइ आधार मागी वडागत बजेट सिलिङ तय गर्ने गरी मापदण्ड तयार गरी लागु गरिनेछ ।

### ७. योजना तर्जुमा कार्यन्वयन र अनुगमन मुल्याङ्कन

- गाउँपालिकाको प्रथम त्रिबर्षिय बिकाश  योजना को प्रभावकारी रुपमा कार्यन्वयन गर्नको लागि आवाधिक योजना र वार्षिक बजेट बिच तालमेल गराउनको लागि मध्यम कालिन खर्च संरचना बनाई लागू गरीनेछ सोको लागि आवश्यक बजेट विनियोजन गरीनेछ ।
- गाउँपालिकाबाट कार्यन्वयन गरीने योजनाको अनुगमन मुल्याङ्कन कार्यविधिको कडाइका साथ लागु गरीनेछ । योजना तथा अनुगमान शाखालाई स्रोत साधन र जनशक्तिले भरिपूर्ण बनाई संस्थागत क्षमता अभिबृद्धि गराउदै गाउँपालिकाको विकास प्रशासनको आधारस्तम्भको रुपमा अगाडी बढाईनेछ ।
- योजना तथा अनुगमान मुल्याङ्कन दिग्दर्शन  तथा अनुगमन मुल्याङ्कन सुचक तयार पारी अनुगमन गर्ने गराईनेछ ।

## ८. गैर सरकारी संस्था तथा जनपरिचालन

- नेपाल सरकार बाट कानुन बमोजिम सम्झौता भइ यस गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको सन्चालन , नियमन तथा समन्वय गर्नको लागि निर्देशिका बनाइ लागु गरिनेछ ।
- लागत साझेदारीमा योजना कार्यन्वयन गर्दा संयुक्त अनुगमन गर्ने ब्यवस्था मिलाइनेछ ।
- सरकारी तथा गैर सरकारी संस्थाहरु संस्थाहरुले सन्चालन गर्ने कार्यक्रमलाइ अनिबार्य रुपमा गाउँ सभाबाट पारित गरे पछि मात्र कार्यन्वयन गर्ने ब्यवस्था मिलाइनेछ ।
- संस्था दर्ता ऐन, २०७७ कार्यन्वयको लागि संस्था दर्ता नियमावली बनाइ लागु गरिनेछ ।आगामी आर्थिक बर्षबाट संस्था दर्ता गर्ने कार्यको सूरुवाद गरिनेछ ।
- टोल बिकाश संस्था गठन दर्ता सन्चालन गर्नको लागि आवश्यक प्रवन्ध मिलाइने छ । गाउँपालिकामा नियमबमोजिम दर्ता भएका टोल बिकाश संस्थाहरुलाइ बिकाश निर्माण तथा पालिकाको निती कार्यान्वयनमा आवश्यकता बमोजिम परिचालन गर्ने ब्यवस्था मिलाइनेछ ।
- उपभोक्ता समिति , बाल क्लव ,आमा समुह, बन उपभोकता समिति, किसान सन्जाल, कृषक समुह, युवा क्लवहरुलाइ जनपरिचालनमा संलग्न गर्नको लागि आवश्यकता बमोजिम प्रोहोत्साहन गरिने ब्यवस्था मिलाइनेछ ।